**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. ३८०

पुनरावेदन नं. ०७९-RB-००२६

पुनरावेदन दर्ता मितिः-२०७९।०५।०२

**मुद्दाः– श्रोत नखुलेको नगद नेपाली रुपैंया चोरी पैठारी (४१६१/२०७८-००३)।**

महोत्तरी जिल्ला, मटिहानी नगरपालिका वडा नं. ३ बर्दाह बस्ने जमरुद्धिन मियाको नाती लाल मोहम्मद र तजमा खातुनको छोरा वर्ष २३ को मोहम्मद सहाउद्दिन राईन (मो.न. ९८२६८५८५७२)..........................................................१ } पुनरावेदक

**विरुद्ध**

प्रहरी चौकी मटिहानी महोत्तरीका प्र.ना.नि. बब्लुकान्त झा समेतको प्रतिवेदन र जलेश्वर भन्सार कार्यालयका अनुसन्धान अधिकृत दिब्यरञ्जन दाहालको अनुसन्धान प्रतिवेदनले नेपाल सरकार.......................................................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः जलेश्वर भन्सार कार्यालय, महोत्तरी

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार अधिकृत श्री अमित पौडेल

शुरु कार्यालयको निर्णय मितिः-२०७९।०३।३१

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- :-विद्वान वरिष्ठ अधिवक्ता श्री विश्वास आचार्य

:-विद्वान अधिबक्ता श्री अरुण कुमार पंजियार

:-विद्वान अधिबक्ता श्री दिपेन्द्र अधिकारी

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः ×**

जलेश्वर भन्सार कार्यालयबाट भएको मिति २०७९।०३।३१ को निर्णय उपर चित्त नबुझी राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यस न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ ।

## तथ्य खण्ड

१. मिति २०७८।१०।०२ गते अन्दाजी १५:३० बजेको समयमा विषेश सूचनाको आधारमा म प्र.ना.नि. बब्लुकान्त झाको कमाण्डमा खटिई गएको प्रहरी टोलीले जिल्ला महोत्तरी मटिहानी न.पा. वडा नं. ८ स्थित नेपाल भारतको सिमानामा चेकपोइन्ट खडागरी चेक जाँच गर्ने क्रममा नेपाल भारतको सिमाना (दशगजा ) बाट जिल्ला महोत्तरी मटिहानी न.पा. वडा नं. ८ स्थित पूर्वमा आँप बगैंचा पश्चिममा श्री नारायण मण्डलको घर उत्तर र दक्षिणमा भारतको दश गजा हुँदै जनकपुर तर्फ जाने आउने बाटो, यति चार किल्ला भित्र नेपालतर्फ आउँदै गरेको बजाज कम्पनीको रातो रंगको डिस्कभर मोटरसाईकल लाई रोकी चेकजाँच गर्दा उक्त ज.६प. ६९४४ नम्बरको मोटरसाईकल चालक जिल्ला महोत्तरी मटिहानी न.पा. वडा नं. ३. बर्दाह बस्ने लाल मोहम्मदको छोरा वर्ष २३ को मो. सहाउद्धिन राईन भनी बताएको र निजको पछाडी पिठ्युमा भिरेको कालो झोला खोली खानतलासी गर्दा नेपाली रू.१००० दरका नोट ३००० थान (३० बण्डल) को रू. ३०,००,०००।- (अक्षरूपी तिसलाख मात्र) फेला परेको उक्त रकम निजले गैरकानुनी रूपमा विदेश भारतबाट नेपाल तर्फ लुकाई छिपाई ल्याई राखेको उक्त रूपैंया र मोटरसाईकल बरामद गरी निज मोहम्मद सहाउद्धिन राईनलाई नियन्त्रणमा लिएको भन्ने व्यहोरा भएको घटना बरामदी मुचुल्का सहितको जिल्ला प्रहरी कार्यालय महोत्तरीको च.नं. ३७८१ मिति २०७८।१०।०३ को प्रतिवेदन।

२. मेरो साथबाट प्रहरीले नगद नेपाली रूपैया ३०,००,०००।- सहित यस कार्यालयमा ल्याएको मेरै पैसा हो, म बाटै बरामद भएको हो। उक्त रूपैया मटिहानी बजारबाट इट्टा भट्टा तर्फ लग्दै थिएँ। उक्त रकम मैले मटिहानी बजारको रोशन भन्ने मानिससँग ऋण लिएको हो। निज रोशनले मेरो नाउँमा रू. १५ लाख र दाजु नजामुद्धिनको नाउँमा रू. १५ लाख ऋण दिएको हो, अहिले मेरो साथमा प्रमाण छैन, रोशनसँग छ प्रमाण पछि पेश गर्नेछु। बरामदित रूपैयाको श्रोत खुलाउन सक्छु र दाईलाई पनि उपस्थित गराउँछु। यस्तो काम पहिला गरेको थिईन र कुनै अभियोगमा परेको छैन। नगद ओसार पसार गर्न प्रयोग भएको ज. ६ प.६९४४ को मोटरसाईकल बुवा लाल मोहम्मदको नाउँमा दर्ता रहेको तर बुबा बितिसक्नु भयो । मैले गल्ती गरेको छैन मलाई सजाय नगरिदिनु भन्ने समेत ब्यहोराको सहाउद्धिन राईनले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

३. यसमा जलेश्वर भन्सार कार्यालय जलेश्वरबाट प्राप्त सक्कल मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा मुद्दामा जिल्ला प्रहरी कार्यालय अपराध अनुसन्धान तथा कारवाही शाखा महोत्तरीको मिति २०७८।१०।०२ को प्रतिवेदन अनुसार मिति २०७८।१०।०२ गते अन्दाजी १५.१३ बजेको समयमा विशेष सुचनाको आधारमा

प्र.ना.नि बब्लुकान्त झाको कमाण्डमा खटिई गएको टोलीले जिल्ला महोत्तरी मटिहानी न.पा वडा नं. ८ स्थित नेपाल भारतको सिमानामा चेकप्वाईन्ट खडा गरी चेकजाँच गर्ने क्रममा नेपाल भारतको सिमाना दशगजा बाट जिल्ला महोत्तरी मटिहानी न.पा. वडा नं. ८ स्थित पूर्वमा आँपको बगैचा पश्चिममा श्री नारायण मण्डलको घर उत्तर र दक्षिणमा भारतको दशगजा हुँदै जनकपुरतर्फ जाने आउने बाटो यति चार किल्ला भित्र नेपाल तर्फ आउदै गरेको बजाज कम्पनीको रातो रंगको डिस्कभर मोटरसाईकल लाई रोकी चेकजाँच गर्दा ज ६ प ६९४४ नं. को मोटरसाईकल चालक जिल्ला महोत्तरी मटिहानी न.पा. वडा नं. ३ बरदाहा बस्ने लाल मोहमदको छोरा वर्ष २३ को मोहमद सहाउद्धिन राईन भनी बताएको निजले पछाडी पिठ्युमा बोकेको कालो झोला खोली खानतलासी गर्दा नेपाली रु. १ हजार दरका नोट ३००० (तिन हजार) थान को ३०,००,०००/- (अक्षरुपी तिसलाख मात्र) फेला परेकोमा उक्त रकम निजले गैर कानूनी रुपमा विदेश भारतबाट नेपाल तर्फ लुकाई छिपाई ल्याई राखेको उक्त रुपैया र मोटरसाईकल बरामद भएको श्रोत नखुलेको रकम सहित जिल्ला प्रहरी कार्यालय महोत्तरीले मिति २०७८।१०।०३ गते जलेश्वर भन्सार कार्यालयमा बुझाएको। बरामदी दसी सहित पक्राउ परेका प्रतिवादीलाई बयान गराउँदा सो पैसा कसरी आयो श्रोत के हो भन्ने विषयमा निज तथा निजका तर्फबाट आफ्ना नातेदारहरु समेतले कुनै दसी प्रमाण पेश गर्न नसक्नुका साथै उक्त बरामद नगद रु. ३०,००,०००/- को श्रोत खुलेको पनि देखिन आएन। कुनै पनि नागरिकले आफुसँग भएको रु. ५,०००।- भन्दा बढी रकम साथमा लिन कानुनले बर्जित गरेको छ। सो भन्दा बढी रकम भएमा त्यस्तो मुद्रा तथा धारक विनिमय अधिकारपत्र भन्सार अधिकृत समक्ष घोषणा नगराई ओसारपसार गरेको पुष्टी हुन आयो। प्रतिवादीबाट बरामद गरी जलेश्वर भन्सार कार्यलयमा पेश गरेको नगद रु ३०,००,०००/- र सो रुपैया ओसार पसार गर्न प्रयोग भएको सवारी साधन भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१ग) खण्ड "ख" बमोजिमको कसुर गरेकोले बिगो रकम रु. ३०,००,०००/- र मोटरसाईकलको बिगो रु. ८०,०००।- र कैद बापतको हदैसम्मको बिगो रु. २७,०००।- गरी जम्मा रु. ३१,०७,०००।- बिगो बमोजिम जरीवाना गरी तिन महिना कैद सजाय हुने गरी मागदावी सहित मुद्धा हेर्ने अधिकारी जलेश्वर भन्सार कार्यालय मालिवारा महोत्तरीमा मुद्दा चलाउने निर्णय भएको जिल्ला सरकारी वकील कार्यालय महोत्तरीका सहायक जिल्ला न्यायधिवक्ता सुरेन्द्र यादवबाट भएको निर्णय।

४. मिति २०७८।१०।०२ गते अन्दाजी १५:३० बजेको समयमा विषेश सूचनाको आधारमा म प्र.ना.नि. बब्लुकान्त झाको कमाण्डमा खटिई गएको प्रहरी टोलीले जिल्ला महोत्तरी मटिहानी न.पा. वडा नं. ८ स्थित नेपाल भारतको सिमानामा चेकपोइन्ट खडागरी चेक जाँच गर्ने क्रममा नेपाल भारतको सिमाना (दशगजा) बाट

जिल्ला महोत्तरी मटिहानी न.पा. वडा नं. ८ स्थित पूर्वमा आँप बगैचा, पश्चिममा श्री नारायण मण्डलको घर उत्तर र दक्षिणमा भारतको दशगजा हुँदै जनकपुर तर्फ जाने आउने बाटो, यति चार किल्ला भित्र नेपालतर्फ आउदै गरेको बजाज कम्पनीको रातो रंगको डिस्कभर मोटरसाइकल लाई रोकी चेकजाँच गर्दा उक्त ज ६ प ६९४४ नम्बरको मोटरसाईकल चालक जिल्ला महोत्तरी मटिहानी न. पा. वडा नं. ३ बर्दाह बस्ने लाल मोहम्मदको छोरा वर्ष २३ को मोहम्मद सहाउद्धिन राईन भनी बताएको निजको पछाडी पिठ्युमा भिरेको कालो झोला खोली खानतलासी गर्दा नेपाली रू. १००० दरका नोट ३००० थान (३० बण्डल) को रू. ३०,००,०००।०० (अक्षरूपी तिसलाख मात्र) फेला परेको उक्त रकम निजले गैरकानुनी रूपमा विदेश भारतबाट नेपालतर्फ लुकाई छिपाई ल्याई राखेको उक्त रूपैंया र मोटरसाईकल बरामद गरी निज मोहम्मद सहाउद्धिन राईनलाई नियन्त्रणमा लिएको भन्ने व्यहोराको बरामदी मुचुल्का समेतको अध्ययन गरीयो। कुनै पनि नागरिकले आफ्नो साथमा रू.५००० भन्दा बढी रकम लिन कानुनले वर्जित गरेको छ। सो भन्दा बढी भएमा त्यस्तो मुद्रा तथा धारक विनिमय अधिकार पत्र भन्सार अधिकृत समक्ष घोषणा गरेर मात्र ओसार पसार गर्न पाइने ब्यवस्था छ। निज मोहम्मद सहाउद्धिन राईनले भन्सार अधिकृत संग अनुमति लिएको समेत पाईएन। उक्त मुद्धाका अभियुक्त विगो बमोजिमको धरौटी राख्न नसकी कारागार कार्यालय जलेश्वरमा थुनामा रहेकोले आवश्यक प्रमाण साक्षी बुझ्न सक्ने अवस्था नै रहेन र उनको तर्फबाट आफ्ना नातेदारहरूले समेत कुनै दशी प्रमाण पेश गर्न सकेनन्। तसर्थ जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट बरामद भई यस कार्यालयमा पेश भएको नगद बिगो रू. ३०,००,०००।०० (अक्षरूपी तिस लाख मात्र) र सो रूपैया ओसार पसार गर्न प्रयोग भएको मोटरसाईकल जफत गरी अवैध श्रोत विनाको नेपाली रूपैंयाको भन्सार ऐन, २०६४ को दफा ५७(१) को उपदफा (१ग) खण्ड (ख) बमोजिमको कसुर गरेकोले बिगो बमोजिमको रकम रू ३०,००,०००।- जरिवाना गरी तिन महिना सम्म कैद सजाय हुन र सो कामका लागी प्रयोग भएको सवारी साधन चलाउन धनिको सहमती भएकोले सोही ऐनको दफा ५७ को उपदफा (२) अनुसार धनिलाई १ बर्षको कैद सजाय हुन माग दावी सहित मुद्दा हेर्ने अधिकारी जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री अमित पौडेल समक्ष पेश भएको अनुसन्धान प्रर्तिवेदन।

५. प्रतिवादीले अभियोग दावीलाई चिर्न सक्ने प्रमाण कागजात चेक, बैंक स्टेटमेन्ट आदिको माध्यमबाट बरामदित नेपाली नगद रुपैयाँको श्रोत देखिने कुनै किसिमको भौतिक प्रमाणहरु वित्तिय प्रमाणहरु लगायतका कागजात पेश गरेको नदेखिएकोले उल्लिखित तथ्य र कानुनको विश्लेषणको आधारमा प्रतिवादिलाई भन्सार ऐन, २०६४

को दफा ५७ को उपदफा १ अनुसारको कसुर गरेकोले निजलाई सोही ऐनको दफा ५७ को उपदफा (१ग) को खण्ड (ख) अनुसारको बिगो रु ३०,००,०००।– र सो काममा प्रयोग भएको मोटरसाईकल जफत गरी र बिगो बमोजिमको रकम रु.३०,००,०००।- र ३(तीन) महिना कैद सजाय हुने गरी जलेश्वर भन्सार कार्यालय, महोत्तरीका प्रमुख भन्सार अधिकृतबाट मिति २०७९।३।३१ मा भएको निर्णय।

६. प्रत्यर्थी जलेश्वर भन्सार कार्यालयबाट तथ्य र प्रमाणको आधारमा मिसिल संलग्न प्रमाणहरुको मूल्याङ्कन नै नगरी शंका र अनुमानको भरमा प्रतिवादीलाई भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) वमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ५७ को उपदफा १(ग) को खण्ड (ख) अनुसारको बिगो रु.३०,००,०००।— र सो काममा प्रयोग भएको मोटरसाईकल जफत गरी बिगो र बिगो बमोजिमको रकम रु.३०,००,०००।—र ३ महिना कैद हुनेगरी जलेश्वर भन्सार कार्यालयबाट मिति २०७९।०३।।३१ मा भएको निर्णयमा गम्भिर कानुनी त्रुटी हुनुका साथै फौजदारी न्यायको मान्य सिद्धान्त समेतको विपरित अन्यायपूर्ण निर्णय भएको हुँदा निर्णय उल्टी गरी पूर्ण रुपमा सफाई पाउँ भन्ने समेत व्यहोराको पुनरावेदकको तर्फबाट मिति २०७९।०५।०२ मा यस न्यायाधिकरणमा पेश भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।१२।३ मा भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीकातर्फबाट उपस्थित विद्वान अधिवक्तात्रय श्री विश्वास आचार्य, श्री अरुण कुमार पंजियार र श्री दिपेन्द्र अधिकारीले प्रतिवादीले आफ्नो दाजु मोहम्मद नजामुद्दिन राईनको ईट्टा भट्टाको लागि आवश्यक पर्ने कच्चा पदार्थ खरिद गर्नका लागि आवश्यक पर्ने रकम लाँदै गर्दाको अवस्थामा पक्राउ गरिएको हो, वरामदित रकमको स्रोत पुष्टि हुने कागजात समेत पेश गरेको अवस्थामा सो तर्फ विवेचना नगरी हचुवाको भरमा गरेको निर्णय कानुन सम्मत नभएको हुँदा शुरु कार्यालयको निर्णय बदरभागी छ। बदर गरी निजले सफाई पाउनुपर्छ भनि तथा प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौका विद्वान

सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले प्रतिवादीबाट बरामदित रकमको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा सुरु निर्णय मनासिव हुँदा सदर हुनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

९. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानुन व्यवसायीहरु तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नु भएको बहस जिकीरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा शुरु जलेश्वर भन्सार कार्यालयबाट भएको निर्णय मिलेको छ वा छैन? पुनरावेदक प्रतिवादीको जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

१०. निर्णय तर्फ विचार गर्दा, प्रतिवादी मोहम्मद सहाउद्दिन राइन उपर सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा २९क. र सोही ऐनको दफा २९घ बमोजिम भन्सारमा घोषणा नगरी रकम ल्याएकोले पक्राउ गरी पेश गरेको भन्ने स.प्र.नि. बब्लुकान्त झा समेतको मिति २०७८।१०।२ को प्रतिवेदन मिसिल संलग्न देखियो। यी प्रतिवादी मिति २०७८।१०।२ गते अ.१५:३० बजेको समयमा महोत्तरी जिल्लाको मटिहानी दशगजा क्षेत्रमा भारतबाट अवैध रुपमा लुकाइ छिपाई ल्याएको नगद रकम ने.रु.३०,००,०००।-र कालो रङको ज.६.प ६९४४ नं.को मोटरसाइकल सहित निजले प्रयोग गरेको मोबाइल थान १ समेत आवश्यक कारबाहीका लागि प्रहरी चौकी मटिहानीबाट खटिएको टोलीले मिति २०७८।१०।२ मा बरामदी/खानतलासी मुचुल्का तयार गरी मुद्दाको उठान भएको देखिन आयो।

११. मौकामा तहकिकात अधिकृत समक्ष बयान गर्दा प्रतिवादी मोहम्मद सहाउद्दिन राईनले आफ्नो साथमा रहेको रकम रु.३०,००,००००० रूपैया मटिहानी बजारबाट इट्टा भट्टा तर्फ लग्दै गर्दाको अवस्थामा वरामद भएको, उक्त रकम मटिहानी बजारको रोशन भन्ने मानिससँग ऋण लिएको , निज रोशनले मेरो नाउँमा रू. १५ लाख र दाजु नजामुद्धिनको नाउँमा रू. १५ लाख ऋण दिएको, वरामदित रकमका सम्बन्धमा तत्काल आफूसँग प्रमाण नभएको तर आवश्यक परेको खण्डमा प्रमाण पेश गर्न सक्दछु, बरामदित रूपैयाको श्रोत खुलाउन सक्छु र दाईलाई पनि उपस्थित गराउँछु, नगद ओसार पसार गर्न प्रयोग भएको ज. ६ प.६९४४ को मोटरसाईकल बुवा लाल मोहम्मदको नाउँमा दर्ता रहेको, म बाट कुनै गल्ती भएको भए नियमानुसार कारबाही भोग्न तयार छु भनि व्यहोरा उल्लेख गरेको पाइयो।

१२. तत्पश्चात् शुरु कार्यालयबाट पुनरावेदक प्रतिवादी उपर सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा २९क,२९ख,२९घ को साथै भन्सार ऐन,२०६४ को दफा ५७(१)(ग) बमोजिमको कसुरमा मुद्दा दायर गर्न मिति २०७८।१०।२६ मा सम्बन्धित सरकारी वकिलको रायको लागि लेखी पठाएकोमा

जिल्ला सरकारी वकिल कार्यालय महोत्तरी जिल्ला न्यायाधिवक्ताले मिति २०७९।०१।१९ मा प्रतिवादी उपर भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१/ग) को खण्ड (ख) बमोजिम सजायको मागदावी लिई जलेश्वर भन्सार कार्यालयमा मुद्दा चलाउने निर्णय गरी मिति २०७९।०१।१९ च.नं. ३२६१ बाट मिसिल फिर्ता पठाएको देखियो।

१३. भन्सार ऐन, २०६४ को दफा ६०ख. को उपदफा (४) मा अनुसन्धान अधिकृतले अनुसन्धान तहकिकातको काम शुरु भएको पच्चीस दिन भित्र अनुसन्धान सम्पन्न गरी दफा ५७ को उपदफा (१ग) र (१घ) बमोजिम सजाय हुने मुद्दाको हकमा सरकारी वकिलको राय लिई मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नुपर्ने छ भन्ने बाध्यात्मक कानुनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीबाट नेपाली रुपैया रु.३०,००,०००।- सहित बरामद भई मिति २०७८।१०।२ मा पक्राउ परी अनुसन्धान प्रारम्भ भएको देखिन्छ। अनुसन्धान अधिकृत दिव्य रञ्जन दाहालले अनुसन्धान प्रतिवेदन तयार गरी रायको लागि मिति २०७८।१०।२६ मा जिल्ला सरकारी वकीलको कार्यालयमा रायको लागि पेश भएकोमा प्रतिवादीबाट बरामद गरी जलेश्वर भन्सार कार्यालयमा पेश भएको नगद रु.३०,००,०००।- र सो रुपैंया ओसार-पसार गर्न प्रयोग भएको सवारी साधन मोटरसाईकलको विगो रु.८०,०००।- जफत गरी अवैध स्रोत विनाको नेपाली रुपैंया सो काममा प्रयोग भएको साधनको भन्सार ऐन, २०६४ को दफा ५७(१ग) खण्ड (ख) बमोजिमको कसूर गरेकोले विगो रकम रु.३०,००,०००।- र मोटरसाईकलको विगो रु.८०,०००।- र कैद वापतको हदैसम्मको रकम रु.२७,०००।- गरी जम्मा ३१,०७,०००।- विगो वमोजिम जरिवाना गरी, ३ महिना कैद सजाय हुने गरी माग दावी सहित मुद्दा हेर्ने अधिकारी जलेश्वर भन्सार कार्यालयमा मुद्दा चलाउने निर्णय गरिएको भनि मिति २०७९।१।१९ मा फाइल फिर्ता भएको देखिन्छ।

१४. प्रतिवादीले सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९क.बमोजिम भन्सारमा उद्घोषण नगरी रकम विदेशबाट ल्याएको भन्ने मिति २०७८।१०।२६ को अनुसन्धान प्रतिवेदनमा उल्लेख गरेको पृष्ठभुमिमा बरामद मालवस्तु भन्सार ऐन बमोजिमकै मालवस्तु मानिने र त्यस्तो उद्घोषण उपरको कानुनी कारबाही भन्सार सम्बन्धी प्रचलित कानुन बमोजिम हुने व्यवस्था सोही ऐनको दफा २९घ.मा रहेको तथा भन्सार ऐन,२०६४ को दफा ६०क. बमोजिम नेपाल सरकारवादी हुने मुद्दामा अनुसन्धान, मुद्दा दायरी र मुद्दाको कारबाही गर्दा भन्सार अधिकृतलाई शुरु अदालतलाई भए सरहको अधिकार हुने व्यवस्था भन्सार ऐन,२०६४ को दफा ८६ ले गरेको पाइयो।

१५. यसरी भन्सार ऐन, २०६४ बमोजिम बाध्यात्मक रुपले पालना गर्नुपर्ने मुद्दा हेर्ने अधिकारीले प्रतिवादीको बयान लिने लगायतको प्रमाण बुझ्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया (**due process of law**) अबलम्बन गरी स्वच्छ र निष्पक्ष रुपमा न्याय सम्पादन गर्नुपर्नेमा प्रतिवादी मोहम्मद सहाउद्दिन राईनलाई सुरु अनुसान्धान गर्ने अधिकारी समक्ष वयान भएपश्चात मुद्दा हर्ने अधिकारी समक्ष वयान गराईएको देखिदैन। प्रस्तुत मुद्दामा सो कार्य गरेको नदेखिंदा कानुनी प्रक्रिया पालना नगरी भएको शुरु जलेश्वर भन्सार कार्यालयको मिति २०७९।३।३१ को निर्णयलाई न्यायोचित र कानुन सम्मत मात्र नमिलेकोले बदर गर्नुपर्ने अवस्था देखियो। यस स्थितिमा अब प्रतिवादीबाट प्रमुख कानुनी र तथ्यगत प्रश्नको सम्बन्धमा मुद्दा हेर्ने अधिकारी समक्ष वयान गराई प्रस्तुत विवादको सन्दर्भमा निर्णय दिनुपर्ने देखिँदा प्रतिवादीको बयान लिने, प्रमाण दाखिला गराउने वा अरु जो जे बुझ्नु पर्छ बुझी कानुनको उचित प्रक्रिया पुरा गरी स्वच्छ र निश्पक्ष रुपमा कारबाही र सुनुवाई गरी पुनः निर्णय गर्नु भनि राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ६(२) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(१)(घ) बमोजिम शुरु जलेश्वर भन्सार कार्यालय महोत्तरीमा मिसिल पठाउनु पर्ने हुन आयो।

१६. तसर्थ माथि विवेचित आधार र कारणबाट शुरु कार्यालयबाट पुनरावेदक प्रतिवादी मोहम्मद सहाउद्दिन राइनको मुद्दा हेर्ने अधिकारी समक्ष वयान पनि नलिई निजलाई निर्दोषिताको प्रमाण पेश गर्ने मौका प्रदान नगरी निजलाई आरोपित भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसूरमा सोही ऐनको दफा ५७(१ग) बमोजिम विगो अनुसार रु.३०,००,०००।- जरिवाना र तीन महिना कैद सजाय हुने ठहर्याई गरेको शुरु जलेश्वर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतबाट मिति २०७९।३।३१ मा भएको निर्णयमा भन्सार ऐन, २०६४ को दफा ८६ तथा कानूनको उचित प्रक्रिया (**Due process of law**) सम्बन्धी गम्भीर त्रुटि विद्यमान देखिँदा उक्त निर्णय वदर गरिदिएको छ। अव यी प्रतिवादीको मुद्दा हेर्ने अधिकारी समक्ष वयान गराई निजले कुनै निर्दोषिताको प्रमाण पेश गरेमा सो समेत बुझी आधार र कारण सहित पुनः निर्णय गर्नु भनी प्रतिवादीलाई शुरु कार्यालयको तारेख तोकी मिसिल समेत पठाईदिने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

## तपसील खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम शुरु जलेश्वर भन्सार कार्यालय महोत्तरीबाट मिति २०७९/३/३१ मा भएको निर्णय बदर भएकोले अब प्रतिवादीको मुद्दा हेर्ने अधिकारी समक्ष बयान गराई निजले निर्दोषिताको प्रमाण पेश गरे प्रमाण बुझ्ने लगायत जो जे बुझ्नु पर्छ बुझी कानुन बमोजिम पुनः

मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु भनी पुनरावेदक प्रतिवादीलाई जलेश्वर भन्सार कार्यालय, महोत्तरीको  तारेख तोकी फैसला सहितको शुरु मिसिल समेत जलेश्वर भन्सार कार्यालय महोत्तरीमा पठाई दिनू।

२. यो फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालय काठमाडौलाई पठाइदिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

वासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः-प्रमोद रिजाल
फैसला मितिः- २०८०।१।१४।५
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप